किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं. :- ०८१/८२
च.नं. :-

# सामुदायिक विद्यालय तथा सिकाई केन्द्रमा लेखा परीक्षक नियुक्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

मिति: २०८१।०७।२६

श्री इच्छुक रजिस्टर्ड लेखा परीक्षक / फर्म

यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्र को आ.व. ०८०/८१ को लेखापरीक्षण गर्नु पर्ने भएकाले दर्तावाल लेखा परीक्षक/फर्मले तपसिल बमोजिमका कागजात सहित निम्न सर्त र बन्देज भित्र रही १५ दिन (मिति २०८१ मंसिर ११ गते कार्यालय समय) भित्र आवेदन गर्नु हुन कार्यालयको मिति २०८१/०७/२६ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

(क) निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-

१. निवेदन
२. नेपाल चार्टर एकाउन्टेन्ट संस्थाबाट प्रदान गरिएको पेशागत प्रमाणपत्र र सोको आ.व. ०८१/८२ का लागि नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

(ख) लेखा परीक्षकले पालना गर्नु पर्ने शर्त र बन्देजहरु :-

१. लेखा परीक्षणका लागि लेखा परीक्षक विद्यालयमा अनिवार्य उपस्थित हुन पर्ने ।
२. छनोट भई नियुक्ति पाएको ३० (तीस) दिन भित्रमा विद्यालयको लेखापरीक्षण सम्पन्न गरि सोको एक प्रति प्रतिवेदन कार्य सम्पन्न भएको मितिले ७ (सात) दिन भित्रमा UDIN Number सहित गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा लेखापरीक्षक स्वयंले बुझाउनु पर्नेछ । सो नबुझाउने लेखापरीक्षकको नियुक्ति स्वत रद्ध गरि सुचीकृत अन्य लेखा परीक्षक/फर्मलाई नियुक्ति गरिनेछ साथै समयमा कार्य सम्पन्न नगर्ने लेखापरीक्षक/फर्म लाई आगामी वर्षहरुमा सो कार्यमा सामावेश गराइने छैन ।

बोधार्थ :- श्री सूचना प्रविधि शाखा-वेवसाइटमा अपलोड गरिदिनु हुन ।

ध्रुव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत